# नेपाली राजदूतावास
# Embassy of Nepal
Brussels, Belgium

## प्रेस विज्ञप्ती

आज २४ मे २०१८ (तदनुसार जेठ १०, २०७५) मा नेपाली राजदूतावास लगायत ब्रसेल्सस्थित आठबटा राजदूतावासहरु (भुटान, कम्बोडिया, भारत, लाओस, म्यान्मार, श्रीलंका र थाईल्याण्ड) को संयुक्त आयोजनामा युरोपेली संसदमा बुद्धजयन्ती (Vesak Day) मनाईयो। यस किसिमको कार्यक्रम युरोपेली संसदमा पहिलोपटक आयोजना गरिएको हो।

युरोपेली संसदका सदस्य माननीय Mr. Geoffery Van Orden ले कार्यक्रमको शुभारम्भ गर्दै बुद्धजयन्तीको अवसरमा उपस्थित सबैलाई शुभकामना प्रदान गर्नुभएको थियो।

युरोपियन युनियन तथा बेनेलक्सका लागि नेपालका महामहिम राजदूत श्री लोक बहादुर थापाले पहिलो पटक युरोपेली संसदमा बैशाख डे कार्यक्रम आयोजना भएकोमा सबैलाई धन्यवाद ज्ञापन गर्दै मानव कल्याण तथा मानव दुख मुक्तिका लागि ठूलो योगदान दिनुभएका शान्तीदूत भगवान बुद्धका उपदेश तथा मार्गदर्शन वर्तमान विश्वका लागि अझ बढी प्रेरणादायी रहेको बताउनुभयो। धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक धरोहरको रुपमा रहेको भगवान बुद्धको जन्मस्थल लुम्बिनीलाई शान्ती र सहिष्णुताको पवित्रस्थलको रुपमा विकास गर्न नेपाल प्रतिवद्ध रहेको महामहिम राजदूतले बताउनुभयो। गौतम बुद्धले देखाउनुभएको सत्मार्ग, सदाचार र त्यागको बाटो अहिले पनि हामी सबैका लागि अनुकरणीय रहेको तथा भगवान बुद्धका उपदेशहरु मन वचन र कर्मले पालना गर्न सकेको खण्डमा दिगो शान्ती र समृद्धि प्राप्त हुने विचार महामहिम राजदूतले ब्यक्त गर्नुभयो।

कार्यक्रममा लण्डनस्थित लिड्स विश्वविद्यालयका विद्वान Mr. Napan Santibhaddo ले बुद्धको उपदेश सम्बन्धमा प्रवचन दिंदै बुद्धको ज्ञान तथा उपदेशको अनुसरणले दिगो विकासका लक्ष्यहरु हासिल गर्न सहयोगी हुने धारणा राख्नुभएको थियो। उक्त कार्यक्रममा बेल्जियम बुद्धिष्ट संगठनका अध्यक्ष Mr. Carlo Luyckx ले पनि आफ्नो मन्तब्य राख्नुभएको थियो।

भगवान बुद्धका सन्देशहरु विश्व शान्ती प्राप्तिका सन्दर्भमा विगतमा भन्दा अझ बढी सान्दर्भिक रहेको र सो को अनुसरणले विश्वलाई सकारात्मक उर्जा प्रदान गर्ने विचार आयोजक राष्ट्रहरुका राजदूतहरुले राख्नुभएको थियो। आयोजक राष्ट्रहरुले बुद्धको जन्म, बुद्धत्व प्राप्ती तथा महापरिनिर्वाणको पावन अवसरमा प्रत्येक वर्ष अझ बढी राष्ट्रहरुको सहभागितामा युरोपेली संसदमा ब्यापक कार्यक्रमको आयोजना गरी बुद्ध जयन्ती (Vesak Day) मनाउन उपयुक्त हुने विचार राजदूतहरुले ब्यक्त गर्नुभएको थियो।

युरोपेली संसदका सदस्य तथा पदाधिकारीहरु एवं आयोजक राष्ट्रहरुका कूटनीतिक कर्मचारीहरु लगायतको उपस्थिती रहेको उक्त कार्यक्रमको अन्त्यमा जलपानको समेत आयोजना गरिएको थियो।

नेपाली राजदूतावास, ब्रसेल्स !
२४ मे, २०१८

नेपाली राजदूतावास ब्रसेल्स



-- **Address:** 210 Avenue Brugmann, 1050 Brussels, Belgium **Telephone:** 0032 2 346 26 58,
**Fax:** 0032 2 344 13 61 **Email:** embn@skynet.be, eonbrussels@mofa.gov.np